# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, चैत १० गते २०५७ साल (अतिरिक्ताङ्क ६४(क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय स्वास्थ्य मन्त्री श्री रामकृष्ण ताम्राकार २०५७ साल चैत १३ गतेदेखि दक्षिण अफ्रिकामा हुने असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूका स्वास्थ्य मन्त्रीहरूको सम्मेलनमा भाग लिने सिलसिलामा २०५७ साल चैत ११ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको स्वास्थ्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय रक्षा मन्त्री श्री महेश आचार्यले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट न्याय परिषद्को सिफारिशमा न्याय परिषद् ऐन, २०४७ बमोजिम न्याय परिषद्को निमित्त सचिव श्री काशीराज दाहाललाई न्याय-परिषद्को रिक्त सचिव पदमा नियुक्त गरिबक्सेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा २०५८ साल वैशाख १ गतेदेखि तोकिएको एक वर्षको म्याद समाप्त हुने देहायका पुनरावेदन अदालतहरूमा कार्यरत देहायका अतिरिक्त न्यायाधीशहरूलाई सोही मितिबाट लागू हुने गरी एक वर्ष म्याद थप गरिबक्सेको छ ।

१. अतिरिक्त न्यायाधीश श्री गौरीबहादुर कार्की, पुनरावेदन अदालत, जनकपुर ।
२. अतिरिक्त न्यायाधीश श्री रामप्रसाद खनाल, पुनरावेदन अदालत, पाटन ।
३. अतिरिक्त न्यायाधीश श्री राजेन्द्रप्रसाद राजभण्डारी, पुनरावेदन अदालत, विराटनगर ।
४. अतिरिक्त न्यायाधीश श्री महेश्वरलाल मिश्र, पुनरावेदन अदालत, जनकपुर ।
५. अतिरिक्त न्यायाधीश श्री परशुराम झा, पुनरावेदन अदालत, विराटनगर ।
६. अतिरिक्त न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा., पुनरावेदन अदालत, हेटौंडा ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

१९४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।